# जनसहभागितामा आधारित सौर्य सडक बत्ति कार्यक्रम सञ्चालन कार्यविधि, २०७२

नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
नगरपालिका तथा वातावरण व्यवस्थापन महाशाखा

नेपाल सरकार (मन्त्रिपरिषदबाट) स्वीकृत मितिः २०७२।१०।०८

**प्रस्तावना :**

स्थानीय जनताको लागत सहभागितामा स्थानीय घना वस्तीहरूमा आर्थिक क्रियाकलापको विस्तार तथा सहरी सुरक्षाको प्रवर्द्धन गर्न र सहरी सौन्दर्यता कायम गर्ने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले ग्रामीण ऊर्जा नीति, २०६३ र नवीकरणीय ऊर्जा नीति, २०६९ अन्तर्गत जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएकोले स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २३६(२) ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारबाट **"जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यक्रम सञ्चालन कार्यविधि, २०७२"** तर्जुमा गरिएको छ ।

## परिच्छेद–१
## प्रारम्भिक

1. **सङ्क्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यक्रम सञ्चालन कार्यविधि, २०७२" रहेको छ ।

(ख) यो कार्यविधि तुरन्त प्रारम्भ हुनेछ ।

2. **परिभाषा :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(क) "आर्थिक प्रशासन नियमावली" भन्नाले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ सम्झनुपर्छ ।

(ख) "कार्यक्रम" भन्नाले नगरपालिका तथा गाउँ विकास समितिको क्षेत्रमा नगद सहभागिता जुटाउने उपभोक्ता सामिति वा सरकारी वा सार्वजनिक निकाय वा सङ्घ संस्थाले प्रस्ताव गरेको सडक बत्ती कार्यक्रम सम्झनुपर्छ ।

(ग) "लागत सहभागिता" भन्नाले सडक बत्तीको पोल तथा बत्ती जडान गरी सडक बत्ती सञ्चालन गर्न आवश्यक पर्ने कूल लागतमध्ये यस कार्यविधिमा तोकिएबमोजिमको स्थानीय निकाय र उपभोक्ता समितिले व्यहोर्नु पर्ने नगद सहभागितालाई सम्झनु पर्छ।

(घ) "उपभोक्ता समिति" भन्नाले प्रस्तावित कार्यक्रमबाट लाभ पाउने प्रचलित कानुनबमोजिम गठित उपभोक्ताको समूह वा टोल विकास संस्था वा नागरिक सचेतना केन्द्र वा नियमित मर्मत संभार गर्ने उपभोक्ताहरूको समूह सम्झनु पर्छ ।

(ङ) "कार्यविधि" भन्नाले जनसहभागितामा आधारित सौर्य सडक बत्ती कार्यक्रम सञ्चालन कार्यविधि, २०७२ सम्झनु पर्छ ।

(च) "मन्त्रालय" भन्नाले सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय सम्झनुपर्छ ।

(छ) "केन्द्र" भन्नाले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र सम्झनु पर्छ ।

(ज) "परीक्षण केन्द्र" भन्नाले नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानअन्तर्गतको नवीकरणीय ऊर्जा परीक्षण केन्द्र सम्झनु पर्छ ।

(झ) "ऐन" भन्नाले सार्वजनिक खरिद ऐन, २०६३ सम्झनु पर्छ ।

(ञ) "स्थानीय निकाय" भन्नाले गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समिति सम्झनु पर्छ ।

3. **कार्यविधिको उद्देश्य :**

यस कार्यविधिको उद्देश्य देहायबमोजिम हुनेछ ।

(क) नगरपालिका तथा गाउँ विकास समितिको क्षेत्रमा सडक बत्ती जडान गरी रात्रीको समयमासमेत आर्थिक क्रियाकलाप सञ्चालन गर्ने वातावरण सिर्जना गर्ने ।

(ख) रात्रीको समयमा सहरी आवागमनलाई सहज, सरल र सुगम तुल्याई नगर तथा गाउँ सुरक्षामा सहयोग प्रदान गर्ने ।

(ग) नवीकरणीय ऊर्जाको प्रयोग गरी वर्तमान विद्युतीय भार घटाउन सहयोग प्रदान गर्ने ।

(घ) स्थानीय निकायको सडक बत्ती महसुललाई न्यूनीकरण गर्न सहयोग पुऱ्याउनु।

(ङ) समुदायमा आधारित सडकबत्ती कार्यक्रम सञ्चालन गरी समूदायको अपनत्व बोध प्रवर्द्धन गर्ने ।

(च) सहर र नगरउन्मुख क्षेत्रमा सौन्दर्यता प्रवर्द्धन गर्न ।

४. **कार्यक्रमको कार्यक्षेत्र :**

यस कार्यक्रमको कार्यक्षेत्र देहायबमोजिम हुनेछ ।

(क) यो कार्यक्रम स्थानीय आवश्यकताका आधारमा माग भएका सबै जिल्लामा चरणवद्ध रूपमा कार्यान्वयन गरिनेछ ।कार्यक्रमको पहिलो चरणमा नगरपालिका र नगरोन्मुख गा.वि.स.लाई प्राथमिकता दिईनेछ ।

(ख) मन्त्रालयले यो कार्यक्रम जिल्ला विकास समितिको संलग्नतामा गाउँ विकास समितिहरूमा समेत कार्यान्वयन गर्न सक्नेछ ।

(ग) यस कार्यविधिको मातहतमा रही आफ्नो परिषद्को निर्णयबाट गाउँ विकास समिति, नगरपालिका र जिल्ला विकास समितिहरूले आफ्नो श्रोतबाट यो कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(घ) यस कार्यक्रम अन्तर्गत हाल प्रयोग भैरहेका राष्ट्रिय प्रशारण लाईनबाट संचालित ह्यलोजन बत्ती, सि.एफ.यल. ल्याम्प, भ्यापर ल्याम्प लगायतका बत्तीहरूलाई सौर्य सडक बत्तीको माध्यमबाट प्रतिस्थापन गर्ने कार्यसमेत गरिनेछ ।

५. **केन्द्रीय कार्यक्रम समन्वय समिति :**

(क) कार्यक्रमको समन्वय, सहजीकरण तथा कार्यक्रमको समीक्षा गरी मार्गदर्शन प्रदान गर्न देहायबमोजिमको एक केन्द्रीय कार्यक्रम समन्वय समिति रहनेछ :

| | |
|---|---|
| मन्त्री वा निजले तोकेको राज्यमन्त्री वा सहायकमन्त्री, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - संयोजक |
| सचिव, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - सदस्य |
| सहसचिव, राष्ट्रिय योजना आयोग | - सदस्य |
| सहसचिव, अर्थ मन्त्रालय | - सदस्य |
| सहसचिव, सहरी विकास मन्त्राल | - सदस्य |
| सहसचिव, जनसङ्ख्या तथा वातावरण मन्त्रालय | - सदस्य |
| सहसचिव , विज्ञान तथा प्रविधि मन्त्रालय | - सदस्य |
| सहसचिव, पूर्वाधार विकास महाशाखा, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय | - सदस्य |
| महानिर्देशक, सडक विभाग | - सदस्य |
| कार्यकारी निर्देशक, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | - सदस्य |
| प्रमुख, नवीकरणीय ऊर्जा परीक्षण केन्द्र | - सदस्य |
| कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण | - सदस्य |
| सहसचिव, नगरपालिका तथा वातावरण व्यवस्थापन महाशाखा | - सदस्यसचिव |

(ख) समितिले आफ्नो कार्यसूची आफैं निर्धारण गर्नेछ ।

(ग) समितिले आवश्यकताअनुसार उप-समितिहरू गठन गरी कार्य जिम्मेवारी बाँडफाँड गर्नसक्नेछ ।

(घ) समितिका पदाधिकारीलाई नेपाल सरकारको नियमअनुसार बैठक भत्ता उपलब्ध हुनेछ ।

## परिच्छेद–२
## कार्यक्रम व्यवस्थापन

६. **कार्यक्रम अनुदानको व्यवस्थापन :**

यो कायक्रमको अनुदानको व्यवस्थापन देहायबमोजिमको हुनेछ :

(क) यस कार्यक्रमको निमित्त नेपाल सरकारले स्थानीय निकायहरूलाई सशर्त अनुदान एकमुष्ट वा तीन किस्तामा नबढ्ने गरी चरणबद्ध रूपमा उपलब्ध गराउनेछ ।

(ख) मन्त्रालयले केन्द्रसँगको परामर्शमा हरेक जिल्ला विकास समिति तथा नगरपालिकाको निमित्त बजेटको अनुमानित सिलिङ्ग उपलब्ध गराउनेछ । बजेट सिलिङ्गको मातहतमा रही स्थानीय निकायहरूले तोकिएको लागत सहभागिता रकममा नघट्ने गरी सडक बत्ती कार्यक्रम सञ्चालन गर्न स्थानीय उपभोक्ता समिति र सार्वजनिक निकायबाट खुला रूपमा आयोजना प्रस्ताव आह्वान गर्नुपर्नेछ ।

(ग) स्थानीय निकायहरूले स्थानीय उपभोक्ता समितिबाट पेश गरिएका प्रस्तावमध्ये सबैभन्दा बढी लागत सहभागिता जुट्ने प्रस्तावहरू छनौट गरी अनुसूची –१ मा उल्लेख गरिएबमोजिमको आयोजना लगानी विवरण (Project Funding Matrix) र सौर्य सडक बत्ती सम्भाब्यता अध्ययन फारामसहितको कार्यक्रम सहमतिको निमित्त मन्त्रालयमा पेश गर्नुपर्नेछ । केन्द्रबाट उपलब्ध गराइने बजेटको हकमा यस्तो विवरण केन्द्रमा उपलब्ध गराउनु पर्नेछ ।

(घ) मन्त्रालय तथा केन्द्रले उपलब्ध बजेट तथा यसका कार्यविधिको आधारमा रही सहमति प्रदान गर्न योग्य सडक बत्ती कार्यक्रमलाई सहमति दिई सो कार्यक्रममा मन्त्रालय र केन्द्रबाट व्यहोर्नु पर्ने रकमको विवरण स्थानीय निकायहरूलाई प्रदान गर्नेछन् र आफ्नो तर्फबाट ब्यहोर्ने रकमको अख्तियारी पठाउने छन्।

(ङ) मन्त्रालय तथा केन्द्रबाट कार्यक्रमको सहमतिको जानकारी प्राप्त भएपछि सम्बन्धित उपभोक्ता समिति तथा सार्वजनिक संस्थाहरूले आफूले व्यहोर्नुपर्ने नगद सहभागिता रकम स्थानीय निकायको खातामा जम्मा गरी भौचरको प्रतिलिपि सम्बन्धित स्थानीय निकायले उपलब्ध गराउनु पर्नेछ । लागत सहभागिताको रकम जम्मा भएको जानकारी प्राप्त भएपछि स्थानीय निकायले पहिले आउनेलाई पहिलो प्राथमिकताका आधारमा सडक बत्ती आयोजना स्वीकृत गरी कार्यादेश दिनेछ।

(च) मन्त्रालयले दफा ६(घ) बमोजिम सहमति दिँदा जनसङ्ख्या तथा वातावरण मन्त्रालय र केन्द्रसमेतको प्रतिनिधित्व हुने गरी गठन गरेको संयन्त्रको सिफारिसबाट आयोजना लगानी विवरण सहमति प्रदान गर्नेछ ।

७. **लागत सहभागिता :**

यस कार्यक्रमको लागत सहभागिता देहायबमोजिम हुनेछ :

(क) प्रत्येक कार्यक्रमको कूल लागतको कम्तिमा १५ प्रतिशत नगद जनसहभागिता उपभोक्ता समितिले व्यहोर्नुपर्नेछ ।

(ख) कूल लागतको कम्तिमा महानगरपालिका क्षेत्रमा २५ प्रतिशत र अन्य क्षेत्रमा २० प्रतिशत सहभागिता सम्बन्धित स्थानीय निकायले योगदान रकमको रूपमा बहन गर्नेछ । तर नगद लागत सहभागिता जुट्न सक्ने क्षेत्रमा स्थानीय निकायहरूले बहन गर्नुपर्ने योगदान रकम उपभोक्ता समितिबाट जुटाउन बाधा पुग्ने छैन ।

(ग) कार्यक्रमको निमित्त कूल लागतको बढीमा महानगर क्षेत्रमा ६० प्रतिशत र उपमहानगरपालिका/ नगरपालिका तथा गाउँ विकास समितिको क्षेत्रमा ६५ प्रतिशत रकम नेपाल सरकारले सशर्त अनुदानको रूपमा स्थानीय निकायहरूलाई उपलब्ध गराउन सक्नेछ ।

(घ) मन्त्रालयको स्वीकृतिमा लागत सहभागिता जुट्न नसक्ने अति विपन्न वस्तीमा स्थानीय समुदायको लागत नगद सहभागिता १० प्रतिशत कायम गर्न सकिनेछ ।यस्ता वस्तीमा नेपाल सरकारको योगदान महानगरको क्षेत्रमा ६५ प्रतिशत र अन्य क्षेत्रमा ७० प्रतिशत हुनेछ ।

(ङ) कम्तीमा ३० प्रतिशत नगद लागत सहभागिता ब्यहोर्ने विद्यालय, अस्पताल, विश्वविद्यालय, सरकारी कार्यालय, सुरक्षा निकायजस्ता सार्वजनिक तथा सरकारी निकायहरूलाई स्थानीय निकायले प्रतिस्पर्धात्मक रूपमा पहिले आउनेलाई पहिलो प्राथमिकताका आधारमा यो कार्यक्रम सञ्चालन गरी त्यस्ता सार्वजनिक निकाय रहेका क्षेत्र र सो वरपरका संस्थागत क्षेत्रमा सडक बत्तीको व्यवस्थापन गर्न सक्ने छन् ।

(च) लागत सहभागिता जुट्न नसक्ने सार्वजनिक स्थलमा स्थानीय निकायले आफ्नो स्रोतबाट ३० प्रतिशत र नेपाल सरकारको स्रोतबाट वा केन्द्रसँगको साझेदारीमा ७० प्रतिशत सहभागिता हुने गरी ठेक्कापट्टाबाट सडक बत्ती व्यवस्थापन गर्न सक्नेछन् । तर यो व्यवस्थाले स्थानीय निकायले शत प्रतिशत  लगानी गरी यस्ता कार्यक्रम सञ्चालन गर्न बाधा पर्नेछैन ।

**८. सार्वजनिक नीजि साझेदारीमा सौर्य बत्ती जडानः**

सार्वजनिक नीजि क्षेत्रको साझेदारीमा सौर्य सडक बत्ती कार्यक्रम सञ्चालन गर्दा स्थानीय निकायले देहायबमोजिम कार्यक्रम सञ्चालन गर्न सक्नेछन् ।

(क) स्थानीय निकायले सार्वजनिक निजी क्षेत्र साझेदारीमा सौर्य सडक बत्ती कार्यक्रम नगरक्षेत्र भित्रका प्रमुख मार्गहरूमा निजी क्षेत्रको सम्पूर्ण खर्चमा सौर्य सडक बत्ती जडान गर्न प्रस्ताव आह्वान सक्नेछन् ।

(ख) दफा ८(क) बमोजिम त्यस्ता सडकमा सौर्य बत्ती जडान गर्दा सोको खर्च, सञ्चालन, संभारसमेत त्यस्तो प्रस्तावदाता आफैले गर्नुपर्नेछ ।

(ग) यस दफाबमोजिम जडान गरिने सडक बत्तीको गुणस्तर, त्यस्तो गुणस्तर परीक्षण, सौर्य प्यानल, ब्यट्रीलगायतको प्राविधिक स्पेशिफिकेशन केन्द्रले निर्धारण गरेबमोजिम हुनेछ ।

(घ) स्थानीय निकायले यस प्रयोजनको लागि दश वर्षसम्म त्यस्तो सौर्य बत्ती राख्न दिनेछ र प्रत्येक पोलमा मन्त्रालयले निर्धारण गरेको साइजको ब्याट्री रहने स्थानमा विज्ञापन पाटी राख्न अनुमति दिनेछ ।

(ङ) स्थानीय निकायले पोलमा विज्ञापन राख्न दिएबापत न्यूनतम रोयल्टी र विज्ञापन कर निर्धारण गरी प्रतिस्पर्धाको आधारमा प्रस्ताव आह्वान गर्न सक्नेछ ।

(च) स्थानीय निकायले सौर्य सडक बत्ती राख्दा त्यस्तो सडकको सुरु र अन्तिम विन्दु र सोभित्र रहने पोलको सङ्ख्या देखिने गरी निर्धारण गर्नुपर्नेछ ।

(छ) यससम्बन्धी थप कार्यविधि स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम हुनेछ।

९. **कार्यक्रम कार्यान्वयन :**

(क) यस कार्यविधिको मातहतमा रही यस कार्यक्रमको कार्यान्वयन गर्ने जिम्मेवारी स्थानीय निकायको हुनेछ । स्थानीय निकायहरूले ठेक्का पट्टाबाट वा उपभोक्ता समितिमार्फत यो कार्यक्रम कार्यान्वयन गर्नेछन् ।

(ख) संस्थागत लागत सहभागितामा कार्यक्रम कार्यान्वयन गर्दा सम्बन्धित स्थानीय निकायले प्रतिस्पर्धात्मक ठेक्कापट्टाबाट कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।

(ग) नगद सहभागितामा आधारित सडक बत्ती कार्यक्रम सञ्चालन गर्दा आयोजनास्थलका लागत सहभागिता जुटाउने उपभोक्ताहरू मध्येबाट प्रचलित कानुनबमोजिम उपभोक्ता समिति गठन गर्नुपर्नेछ । उपभोक्ता समिति गठन हुन नसक्ने क्षेत्रमा मर्मत संभार समिति गठन गरी उक्त कार्यक्रमसमेत ठेक्कापट्टाबाट सञ्चालन गर्न सकिनेछ । बोलपत्र छल्ने उद्देश्यले पटके रूपमा कार्यक्रम सञ्चालन गरिएमा सोबाट उत्पन्न हुने क्षति संलग्न स्थानीय निकायका पदाधिकारीले बहन गर्नुपर्नेछ ।

(घ) स्थानीय निकायहरूले केन्द्रको समन्वयमा यस कार्यक्रमका उपभोक्ता समितिका अध्यक्ष, सचिव तथा कोषाध्यक्षलाई कार्यक्रमको प्राविधिक तथा आर्थिक पक्ष बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

(ङ) उपभोक्ता समितिसँग सम्झौता गर्दा सडक बत्ती जडानपश्चात् सो सडक बत्तीहरूको नियमित मर्मत सम्भार तथा रेखदेख सम्बन्धित उपभोक्ताहरूले नै गर्ने गरी सम्झौता गर्नुपर्नेछ ।

(च) उपभोक्ता समितिबाट कार्य गर्दा एउटा वस्ती/टोलमा एकभन्दा बढी उपभोक्ता समिति गठन गर्न पाइने छैन ।

(छ) टोल विकास संस्था सक्रिय भएका नगरपालिका र नागरिक सचेतना केन्द्र रहेका वस्तीमा स्थानीय निकायहरूले उक्त संस्थाहरूसँग सम्झौता गरी लागत सहभागितामा कार्यक्रम कार्यान्वयन गर्न सक्नेछन् । कार्यक्रम सञ्चालन गर्दा पहिलो प्राथमिकता नागरिक सचेतना केन्द्रलाई, दोस्रो प्राथमिकता टोल विकास संस्थालाई, तेस्रो प्राथमिकता उपभोक्ता समितिलाई र चौथो प्राथमिकता मर्मत संभार उपभोक्ता समूहलाई दिनु पर्नेछ । तर सरकारी एवं सार्जनिक संस्थाको हकमा भने यो व्यवस्था लागू हुने छैन ।

(ज) उपभोक्ता समिति, टोल विकास संस्था र नागरिक सचेतना केन्द्रबाट भएको कामको अनुगमन वडा नागरिक मञ्चलेसमेत गर्नेछ ।

(झ) हरेक घरधुरीले बहन गर्नुपर्ने नगद सहभागिता कोही कसैबाट गराएमा वा उपभोक्ता समितिको नगद सहभागिता झुटो प्रमाणित भएमा सोको क्षतिपूर्ति उपभोक्ता समितिका पदाधिकारीहरूले व्यहोर्नुपर्नेछ ।

(ञ) उपभोक्ता समितिलाई सम्झौताबमोजिम पहिलो किस्ता प्रदान गर्दा उपभोक्ताबाट जति रकम नगरपालिकामा जम्मा भएको छ सोहि रकम मात्र पेश्की उपलब्ध गराउन सकिनेछ । यसपश्चात उपभोक्ता समितिलाई रकम भुक्तानी गर्दा कामको आधारमा पहिलो किस्ताको पेश्की फछ्यौंट गरी मात्र बाँकी रकम भुक्तानी गर्नु पर्नेछ । यस नियमले कामको आधारमा मात्र भुक्तानी गर्ने गरी पेश्की शून्य प्रावधान लागू गर्न भने बाधा पर्नेछैन ।

(ट) सम्बन्धित प्राविधिक विशेषज्ञको सिफारिसमा प्रचलित कानुनबमोजिम उपभोक्ता समिति वा ठेक्केदारलाई भुक्तानी गर्न सकिनेछ । अन्तिम किस्ताको रकम कुल लागतको २५ प्रतिशतभन्दा कम हुनेछैन ।

10. **प्राविधिक सहयोग :**

यस कार्यक्रमको प्राविधिक सहयोगको व्यवस्थापन देहायबमोजिम हुनेछ :

(क) यस कार्यक्रममा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले नगरपालिकाहरूलाई प्राविधिक सहयोग उपलब्ध गराउनेछ ।यस कार्यक्रम कार्यान्वयनको लागि आवश्यक विस्तृत प्राविधिक स्पेशिफिकेशनसहितको विवरण स्थानीय निकायहरूलाई केन्द्रले उपलब्ध गराउनेछ ।

(ख) कार्यक्रमबाट सडक बत्ती जडान गर्दा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले बजारमा उपलब्ध सामाग्री तथा प्रविधिको आधारमा वार्षिक रूपमा उपलब्ध गराएको मापदण्ड, परिमाण र गुणस्तरबमोजिम गर्नुपर्नेछ । सौर्य सडक बत्तीको लागि प्रयोग हुने सौर्य ऊर्जा उपकरणहरू खरिद गर्दा नवीकरणीय ऊर्जा परीक्षण केन्द्रबाट कायम भएको मापदण्डको आधारमा प्रमाणित भएको उपकरण मात्र खरिद गर्नुपर्नेछ ।

(ग) कार्यक्रमलाई आवश्यक पर्ने प्राविधिक जनशक्तिको व्यवस्थापन नगरपालिका आफै वा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले गर्नेछ ।

(घ) आयोजनाको लागत अनुमान तयार पार्दा वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रले तोकिदिएको ड्रईङ डिजाईन तथा स्पेशिफिकेशनसमेत समावेश गरी तयार पार्नुपर्नेछ ।

(ङ) वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत जिल्ला विकास समितिको कार्यालयमा खटिएका ऊर्जासँग सम्बन्धित प्राविधिक अधिकृतलाई यस कार्यमा संलग्न गराउन सकिने छ ।

(च) सडक बत्ती प्रणालीमा जडान हुने उपकरण तथा सामाग्रीको न्यूनतम वारेन्टी अवधि सौर्य पाताको २० वर्ष, सौर्य व्याट्रीको ५ वर्ष, चार्ज कन्ट्रोलेरको २ वर्ष र सौर्य बत्तीको २ वर्ष हुनुपर्नेछ ।

(छ) सडक बत्तीको उपकरणहरू खरिद गर्दा सडक बत्तीमा प्रयोग भएका व्याट्री तथा सोलर प्यानेलहरू अवधि सकिएपाछि आपूर्तिकर्ताले नै फिर्ता गरी वातवरणलाई क्षति नपुग्ने गरी व्यवस्थापन गर्नुपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(ज) केन्द्रले स्थानीय निकायका प्राविधिक जनशक्तिलाई सडक बत्तीको प्राविधिक विषयमा आवश्यक तालिम प्रदान गर्नेछ।

(झ) केन्द्रले स्थानीय तहमा सडक बत्ती समबन्धी प्राविधिक जनशक्ति उत्पादन गर्न आवश्यक तालिमहरू सञ्चालन गर्नेछ ।

11. **आयोजनाको अनुगमन तथा प्रगति विवरण :**

कार्यक्रमको अनुगमन तथा प्रगति विवरण देहायबमोजिम हुनेछ :

(क) कार्यक्रमको स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि २०६९, को दफा ३६ बमोजिम प्रगति प्रतिवेदन एवं समीक्षा गर्नुपर्नेछ ।

(ख) कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन मन्त्रालय, वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र तथा जिल्ला विकास समितिबाट गरिनेछ ।

(ग) कार्यक्रमको प्राविधिक सुपरिवेक्षण तथा अनुगमन केन्द्र तथा प्रशिक्षण केन्द्रले गर्न सक्नेछ ।

12. **प्रशासनिक खर्च**

कार्यक्रमको प्रशासनिक खर्च देहायबमोजिम हुनेछ :

(क) यस कार्यक्रमको व्यवस्थापनलाई लाग्ने प्रशासनिक खर्चको निमित्त नेपाल सरकारले उपलब्ध गराउने रकममध्येबाट बढीमा २ प्रतिशत रकम सम्बन्धित स्थानीय निकायले विनियोजन गर्न सक्नेछ । यस्तो रकम उपभोक्ता समितिको अभिमुखीकरण, उपभोक्ता समितिको प्रशासनिक खर्च आदिमा खर्च गर्न सकिनेछ ।

(ख) उपदफा (क) बमोजिम एकमुष्ट रूपमा प्रशासनिक खर्च छुट्याएपछि आयोजनागत रूपमा लागत अनुमान तयार गर्दा छुट्टै कन्टिन्जेन्सी रकम वा उपभोक्ता समितिको खर्च छुट्याउन पाइने छैन।

(ग) यस कार्यक्रमको केन्द्रीयस्तरबाट हुने अनुगमन, व्यवस्थापन, अभिमुखीकरण तथा अन्य प्रशासनिक कार्यको निमित्त मन्त्रालयले नेपाल सरकारले उपलब्ध गराउने रकम मध्येबाट बढीमा १ प्रतिशत रकम विनियोजन गर्न सक्नेछ ।

13. **आर्थिक प्रशासन :**

(क) कार्यक्रमको लेखा, लेखाङ्कन, लेखापरीक्षण तथा आर्थिक कारोबार गर्दा स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ बमोजिम गर्नुपर्नेछ ।

(ख) कार्यक्रमको व्यवस्थापन यस कार्यविधिको मातहतमा रही स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ बमोजिम गर्नुपर्नेछ ।

14. **निर्देशनको पालना :**

स्थानीय निकायले यस कार्यक्रमको सञ्चालन सम्बन्धमा मन्त्रालय र केन्द्रबाट समय समयमा जारी भएका निर्देशनहरूको पालना गर्नुपर्नेछ ।

15. **व्याख्या गर्नसक्ने :**

यस कार्यविधि कार्यान्वयनको क्रममा कुनै बाधा अवरोध वा अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि मन्त्रालयले यस कार्यविधिमा आवश्यकताअनुसार व्याख्या गर्न सक्नेछ ।

## अनुसूची – १

नेपाल सरकार

## नगरपालिका कार्यालय

## आयोजना लगानी विवरण

| क्र. सं. | आयोजनाको किसिम | आयोजनाको नाम र आयोजनाको स्थल (वडा नं. र टोल) | कूल लागत रकम | लक्ष्य | एकाइ | लागत सहभागिता | | | | | | कार्य हुने मिति | | आयोजना सञ्चालन प्रक्रिया | लाभान्वित वर्ग | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अनुदान रकम | वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र | नगरपालिका | उपभोक्ता समिति | अन्य | जम्मा | शुरु | सम्पन्न | | महिला | पुरुष |
| १. | | | | | | | | | | | | | | | | |
| २. | | | | | | | | | | | | | | | | |
| ३. | | | | | | | | | | | | | | | | |
| ४. | | | | | | | | | | | | | | | | |
| ५. | | | | | | | | | | | | | | | | |
| ६. | | | | | | | | | | | | | | | | |
| ७. | | | | | | | | | | | | | | | | |

<u>तयार गर्ने</u>

नामः

पदः

<u>सिफारिस गर्ने</u>

नामः

पदः

<u>स्वीकृत गर्ने</u>

नामः

पदः